# कृष्ण सेन 'इच्छुक' को 'तिम्रो र हाम्रो संसार' कवितामा वर्गीय चेतना

टीकाप्रसाद पौडेल

नेपाली शिक्षा विभाग, त्रियुगा जनता बहुमुखी क्याम्पस

## लेखसार

साहित्यिक तथा सांस्कृकि क्षेत्रका सहिद कृष्ण सेन इच्छुक (२०१३–२०५९) प्रगतिवादी कवि हुन् । शोषित पीडितका पक्षधरतामा कलम चलाउने कवि इच्छुकको तिम्रो र हाम्रो संसार कवितामा अन्तर्निहित वर्ग चेतनालाई मार्क्सवादी सैद्धान्तिक पर्याधारमा आधारित भई विश्लेषण गरिएको छ । मार्क्सवाद ज्यादै फराकिलो दर्शन भएको र त्यसका सबै पक्षमा आधारित भई कविता विश्लेषण सम्भव नभएकाले यस लेखमा मार्क्सवादको वर्गद्वन्द्वलाई मात्र केन्द्रमा राखी विश्लेषण गरिएको छ । कविताले मालिक र मजदुर वर्गका वास्तविकतालाई चित्रण गर्नुका साथै शोषित पीडित मजदुर र मालिक वर्गको जीवनमा व्यापक भिन्नता भएकाले शोषित पीडित मजदुर–किसानसँग मुक्तिका लागि क्रान्ति र सङ्घर्षको विकल्प नभएको निष्कर्ष निकाल्दै संसारका मजदुर एकजुट भएर क्रान्तिमा लाग्न प्रेरित गरेको छ ।

*शब्दकुञ्जी*: साम्यवाद, सामन्तवाद, सर्वहारावर्ग, भौतिकवाद, वर्गसिद्धान्त

## विषय परिचय

कृष्ण सेन 'इच्छुक' समाजवादी यर्थाथवाद अर्थात् प्रगतिवादी धाराका सशक्त कवि हुन् । साम्यवादी आस्था र आदर्शको उत्कृष्ट कविता सौन्दर्यका महत्तम प्राप्ति हुन् उनका कविता (पाण्डेय, २०६५, भूमिका खण्ड) । उनले मार्क्सवादी वर्गीय चिन्तनमा आबद्ध भई कलम चलाएका छन् । उनको तिम्रो र हाम्रो संसार कविता पनि वर्गीय चिन्तनमा आधारित रहेको छ । उनका अधिकांश कविताले शोषित पीडित जनसमुदायका भावनाहरूलाई प्रतिविम्बित गरेका छन् । साहित्यिक व्यक्तित्वबाहेक

उनका सांस्कृतिक, राजनीतिक र पत्रकार व्यक्तित्व पनि छन् । महान् उद्देश्य र आस्थाका लागि एउटा स्रष्टाले कसरी आफूलाई समर्पित र बलिदान गर्न सक्छ भन्ने कुराका उनी राम्रा उदाहरण हुन् । भारतीय सेनामा कार्यरत पिता यामबहादुर सेन र माता भीमकुमारी सेनको कोखबाट वि.सं. २०१३ कार्तिक ३ गते भारतको देहरादुनमा सेनको जन्म भएको हो । पुर्ख्यौली घर प्युठानबाट बसाइँ सरेर अर्घाखाँची जिल्लाको जलुके गा.वि.स.को सातमारामा उनको परिवार आएको हो । उनले स्नातक तहसम्मको शिक्षा आर्जन गरेका थिए । पत्रकारिता र राजनीतिमा समानान्तर क्रियाशील सेनले गणतन्त्र र नागरिक अधिकार स्थापनाको महान् क्रान्तिमा संलग्न भएवापत् २०३६ सालदेखि २०५६ सम्म विभिन्न जेलमा झण्डै १० वर्षको समय बिताए । २०५६जेठ १३ गते प्रहरी हिरासतमा उनले साहदत प्राप्त गरे । कृष्ण सेन ‘इच्छुक’ले २०३२ सालदेखि कविता प्रकाशन गर्न थालेका हुन् । मातृभूमि (साप्ताहिक) मा प्रकाशित ‘भोलिप्रति’ उनको पहिलो कविता हो । ‘शोकाञ्जली’ (२०४८), ‘इतिहासको यस घडीमा’ (२०५६) र ‘बन्दी र चन्द्रागिरि’ (२०५७) उनले सहादत प्राप्त गर्नु अगाडि प्रकाशित कृतिहरू हुन् । माथि उल्लेखित रचना र यसबाहेक विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर कविता र गद्य रचनाहरू इच्छुक रचनावली (भाग १, २, ३) मा सङ्कलित छन् । भाग १ मा ‘बन्दी र चन्द्रागिरि’ र ‘शोकाञ्जली’ छन् भने भाग २ मा ‘इतिहासको यस घडीमा’, ‘बन्दी आवाज’ र ‘आरम्भिक कविता’ अन्तर्गत फुटकर कविता सङ्कलित छन् । भाग ३ मा इच्छुकका गद्य रचनाहरू, चिठीपत्र, अन्तर्वार्ता आदि सङ्कलित छन् । साहित्य क्षेत्रमा गरेको योगदानको कदर गर्दै उनलाई साहित्य सन्ध्या पुरस्कार (२०५७), पारिजात सिर्जनशील साहित्य पुरस्कार (२०५६), कृष्णमणि साहित्य पुरस्कार (२०५६) र प्रेस सेनानी पुरस्कार (२०६५) बाट सम्मानित गरिएको छ । यस लेखमा इच्छुकका रचनावली भाग २ मा सङ्ग्रहित बन्दी आवाज खण्डको *तिम्रो र हाम्रो संसार* कविताको अन्तर्वस्तु र शीर्षकमा अन्तर्निहित वर्गीय चेतना मात्र विश्लेषण गरिएको छ । कविताको रूप पक्षको चर्चा गरिएको छैन ।

## अध्ययनको उद्देश्य

मार्क्सवादले परिकल्पना गरेको आदिम साम्यवादी युगको अन्तपछि दास र सामन्तवादी युग हुँदै पुँजीवादी युगसम्म आइपुग्दा धनी र गरिब, सम्पत्ति भएका र नभएका, शोषक र शोषितजस्ता समूहमा विभाजित भई आर्थिक कारणहरूले गर्दा वर्ग विभक्त समाजको विकास भएको देखिन्छ । यस्ता वर्गहरूमध्ये पहिला वर्गको उत्पादनका साधनहरूमा पहुँच हुने र दोस्रा वर्गको नहुने भएकाले श्रमिक वा सर्वहारावर्ग उत्पादनका साधन र स्रोतमाथि स्वामित्व पाउनका लागि एकजुट भएर पुँजीपति वा सामन्तवर्गसँग विद्रोह गर्दछन्, जसलाई वर्गसङ्घर्ष भनिन्छ । यसै सन्दर्भमा कृष्ण सेन 'इच्छुक'द्वारा रचिएको 'तिम्रो र हाम्रो संसार' कवितामा अन्तर्निहित वर्गीय चेतनाको विश्लेषण गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन पुस्तकालयीय कार्यमा आधारित रहेको छ । यस अध्ययनका लागि सामग्री सङ्कलनका स्रोत द्वितीय स्रोतअन्तर्गतका पुस्तक, पत्रपत्रिका र अनलाइन सामग्रीहरू रहेका छन् । यस अध्ययनमा शाब्दिक सामग्रीहरू सङ्कलन गरी पाठविश्लेषण शैलीमा तिनीहरूको व्याख्या र विश्लेषण गरिएको हुनाले यसको ढाँचा गुणात्मक रहेको छ । यस अध्ययनमा सामग्री विश्लेषणको आधार मार्क्सवादी दर्शनको वर्गसङ्घर्षको सिद्धान्त रहेकाले त्यही सैद्धान्तिक विश्वदृष्टिमा कृष्ण सेन 'इच्छुक'को 'तिम्रो र हाम्रो संसार' कविताको अन्तर्वस्तु र शीर्षकमा अन्तर्निहित वर्गीय चेतनाको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

मार्क्सवाद जर्मन राजनीतिशास्त्री, अर्थशास्त्री, दार्शनिक र क्रान्तिकारी विचारक कार्ल मार्क्स (सन् १८१८ – १८८३) द्वारा प्रतिपादित र फ्रेडरिक एङ्गेल्स (सन् १८२० - १८९५) द्वारा विकसित विश्वका

श्रमिक वर्गको वैज्ञानिक र क्रान्तिकारी विचारधारा हो । मार्क्स र एङ्गेल्सद्वारा स्थापित मार्क्सवादलाई भ्लादिमिर इलिच लेनिन (सन् १८७० - १९२४) ले इतिहासको आवश्यकताअनुसार रचनात्मक र सिर्जनात्मक रूपमा विकसित गरेका हुनाले आजको मार्क्सवाद भन्नाले मार्क्सवाद र लेनिनवादलाई बुझिन्छ भने मार्क्स, एङ्गेल्स र लेनिनको सिद्धान्तको आन्तरिक सम्बन्ध, एकता, निरन्तरता, विकास, अखण्डता तथा रूपमान्तरित मान्यताका रूपमा यसलाई लिने गरिन्छ (भट्टराई, २०६१, पृ. ३२१) । मार्क्सवाद एक वैज्ञानिक, गतिशील र सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक पथप्रदर्शक सिद्धान्त हो (केसी, २०७५) । मार्क्सवादी दर्शनको विकास र विस्तारमा मार्क्स, एङ्गेल्स र लेनिनका अलावा प्लेखानोव, माओत्सेतुङ, म्याक्सिम गोर्की, क्रिस्टोफेल कडवेल, राल्फा फक्स, हावर्ड फास्ट, जर्ज लुकाच, अर्नस्ट फिसर, लुनाचार्स्की लगायतका दार्शनिकहरूको योगदान महत्त्वपूर्ण रहेको देखिन्छ । यस सिद्धान्तले सन् १९९० भन्दा अगाडि संसारको निकै ठूलो हिस्सालाई प्रभावित पारेको थियो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद मार्क्सवादका तीन महत्त्वपूर्ण पक्ष हुन् । पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको मार्क्सवादको दर्शन, राजनीतिक अर्थशास्त्र र समाजवाद गरी तीन सङ्घटक अङ्ग रहेका छन् । प्रकृति, समाज, राज्य व्यवस्था आदिबारे कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा गहन खोज र प्रयोगद्वारा निकालिएको वैज्ञानिक तथा क्रान्तिकारी विचार, सिद्धान्त र व्यवहारलाई मार्क्सवाद भनिन्छ । मार्क्सवादले पुँजीपति वर्गको राज्य व्यवस्थालाई ध्वस्त पारी त्यस ठाउँमा सर्वहारा श्रमजीवीवर्गको राज्य व्यवस्था स्थापना गर्ने सही तथा क्रान्तिकारी बाटो देखाउँछ । मार्क्सवादको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी हुनुका साथै यस दर्शनको सिद्धान्त भौतिकवाद हो (केसी, २०७७) । मार्क्सवादी दर्शनले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्छ । मार्क्सको वैज्ञानिक समाजवाद वर्गसङ्घर्ष,

इतिहासमा बलको प्रयोगको भूमिका, सर्वहारावर्गको अधिनायकत्व र साम्यवादका आधारभूत मान्यताद्वारा निर्मित भएको देखिन्छ ।

मार्क्स र एङ्गेल्सले साहित्य र कलासम्बन्धी व्यवस्थित चिन्तन नगरेका भए पनि राजनीतिक, दार्शनिक र आर्थिक अध्ययनका क्रममा यिनका साहित्य र कलासम्बन्धी मान्यता प्रस्तुत भएका देखिन्छन् । उनीहरूको साहित्य र कलासम्बन्धी धारणाहरू अ कन्ट्रिव्युसन टु द क्रिटिक अफ पोलिटिकल इकोनोमी नामक कृतिको प्रस्तावनाको एउटा अंशका रूपमा रहेको लिटरेचर एण्ड आर्ट नामक ग्रन्थमा अभिव्यक्त भएको पाइन्छ (शर्मा र लुइटेल, २०७२, पृ. १३१) । द्वन्द्वात्मक भौतिकवाद, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद मार्क्सवादका तीन महत्त्वपूर्ण पक्ष हुन् । यी तीन पक्ष आन्तरिक रूपमा अभिन्न ढङ्गले जोडिए पनि आफ्नो एकता र अखण्डतामा श्रमिक वर्गको क्रान्तिकारी विश्वदृष्टिकोण निर्माणमा यिनको स्वतन्त्र भूमिका पनि छ (भट्टराई, २०६६, पृ. ३२२) । यी परिप्रेक्षमा मार्क्सवादी विचारधाराका आधारभूत सिद्धान्तहरू निम्न रहेका छन् :

**पुँजीवादी समाजको आलोचना**

पुँजीवादका विरोधमा जन्मिएको आर्थिक र राजनीतिक सिद्धान्त मार्क्सवादले उत्पादनका साधनमा आफ्नो स्वामित्वका कारण पुँजीवादले उत्पादन प्रणालीलाई पनि आफ्नो प्रभावमा पार्ने मान्यता राख्छ । यसले आफ्नो सर्तमा आधारित श्रम प्रणालीले गर्दा श्रमिकको शोषण गर्दछ र यही शोषणका कारण समाजमा सर्वहारा र पुँजीपति वर्गको जन्म हुन्छ भन्ने मान्यता राख्छ । यसरी पुँजीवादले प्रभुत्वशाली पराधीन वर्ग जन्माउँछ र त्यो वर्ग क्रान्तिकारी हुन्छ भन्ने मान्यता मार्क्सवादको रहेको छ । मार्क्सवादका अनुसार पुँजीवादका विरूद्धको सङ्घर्षमा सर्वहारा वर्ग सङ्गठित भई क्रान्तिको उद्घोष गरेपछि पुँजीवादी राज्यव्यवस्थामा परिवर्तन आई समाजवादमा रूपान्तरण हुन्छ । यसरी समाजमा शोषण

कायम राख्ने भएकाले पुँजीवाद मानवहितमा छैन भन्ने मान्यता राखेर मार्क्सवाद पुँजीवादको आलोचक रहेको देखिन्छ ।

**भौतिकवादी मान्यता**

भौतिकवादी मान्यताअन्तर्गत द्वन्दात्मक र ऐतिहासिक भौतिकवाद पर्दछन् । यिनीहरू मार्क्सवादका दार्शनिक आधार हुन् । हेगेलको द्वन्द्ववादको जगमा उभिए पनि हेगेलियन चिन्तन आदर्शवादी नै रहेको हुँदा मार्क्सले द्वन्द्वात्मक भौतिकवादको प्रतिपादन गरेका हुन् । द्वन्द्ववादका गुणबाट मात्रामा र मात्राबाट गुणमा, निषेधको निषेध तथा विरोधीहरूका बिचको एकता र रूपान्तरण गरी तीन आधारभूत नियम रहेका देखिन्छन् (भट्टराई, २०६६, पृ. ३२४) । द्वन्द्वात्मकतालाई भौतिकवादसँग जोड्ने क्रममा यस नियमलाई इतिहास वा समाजविकासको नियमसँग जोडेर प्रस्तुत गरिएको देखिन्छ । द्वन्द्वात्मक भौतिकवादले चेतना र पदार्थलाई भिन्न र विरोधी तत्त्व नभएर एकअर्कासँग सम्बन्धित मान्छ भने पदार्थबाट नै चेतनाको जन्म हुने मान्यता राख्छ ।

ऐतिहासिक भौतिकवाद इतिहासको भौतिकवादी व्याख्यामा आधारित छ । मार्क्सले इतिहासको अध्ययनमा आधारित आदर्शवादी चिन्तनका विरुद्धमा इतिहासको भौतिकवादी व्याख्या गरेको हुँदा यसलाई ऐतिहासिक भौतिकवाद भनिएको हो (भट्टराई, २०७७, पृ. ३२७) । ऐतिहासिक भौतिकवादले इतिहासको विकास नै युग विकास हो र यसले समाजविकासका नियमहरूको व्याख्या गर्छ भन्ने मान्यता राख्छ । यसले आदिम साम्यवाद, दास युग, सामन्तवादी युग, पुँजीवादी युग हुँदै समाजवाद र वैज्ञानिक साम्यवादमा पुग्न सकिने व्याख्या अगाडि सारेको पाइन्छ । मार्क्सवादका अनुसार आर्थिक आधार र अधिरचनाले नै युग र समाजमा रूपान्तरण ल्याउँछ । आधार सदैव आर्थिक हुन्छ र त्यही आधारका जगमा धर्म, कानुन, साहित्य, कला, विज्ञान, विचारधारा जस्ता अधिरचना जन्मन्छन् ।

**वर्गसङ्घर्षको सिद्धान्त**

वर्गसङ्घर्षको सिद्धान्तलाई ऐतिहासिक भौतिकवादको पूरक सिद्धान्त मानिन्छ । समाजको आजसम्मको इतिहासलाई मार्क्सवादले वर्गसङ्घर्षको इतिहास मानेको देखिन्छ । यस सिद्धान्तले दास युगमा दास र मालिक, सामन्तवादी युगमा सामन्त र किसानका बिच द्वन्द्व भएको तथा पुँजीवादी युगमा सर्वहारा र पुँजीपतिका बिच सङ्घर्ष हुने धारणा राख्छ । मार्क्सवादी मान्यताअनुसार समाजमा सर्वहारा वा शोषित र बुर्जुवा वा शोषक गरी दुई वर्ग हुन्छन् । सामाजिक उत्पादनमा आआफ्नो स्थानले गर्दा ती दुईको स्वार्थ एकअर्काको पूरै विपरीत रहने भएकाले तिनीहरू वैरभावको स्थितिमा उभिएका हुन्छन् । तिनीहरूमध्ये शोषक वर्ग विद्यमान शोषण व्यवस्था कायम राख्न प्रयत्नशील रहने र शोषितवर्ग आफनो हितका लागि शोषण व्यवस्था र शोषक वर्ग विरुद्ध सङ्घर्षरत रहन्छ । समाजका यस्ता दुई विपरीत पक्षबिचको अन्तर्विरोध वा टकरावको अवस्थालाई नै वर्गसङ्घर्ष भनिन्छ । कुनै पनि वर्गविभक्त समाजमा उक्त अन्तर्विरोध वर्गहरूबिच सङ्घर्षमार्फत् अभिव्यक्त हुने गर्छ र त्यसले उक्त समाजलाई गतिशील बनाउने भएकाले स्टालिनले वर्गसङ्घर्षलाई ‘समकालीन सामाजिक जीवनको नाभी’ को संज्ञा दिएका छन् (श्रेष्ठ, २०७५) । मार्क्सवादलले वर्गसङ्घर्ष बिहीन समाज निष्क्रिय प्रकारको हुने अवधारणा अघि सार्दछ । वर्गसङ्घर्ष शून्य समाज भने वैचारिक दृष्टिले निर्जीवजस्तो हुन्छ । वर्गसङ्घर्षका विभन्न रूपहरूमध्ये आर्थिक, राजनीतिक र विचारधारात्मक रूपहरूलाई मुख्य मानिन्छन् (श्रेष्ठ, २०७५) । विद्यमान आर्थिक व्यवस्थाभित्र केही सुधार गर्ने, सहुलियत हासिल गर्ने, आफ्नो तात्कालिक दैनिक हितको रक्षा वा विस्तार गर्ने कुरासँग सम्बन्धित हुन्छ । आर्थिक सङ्घर्ष शोषितहरूलाई सचेत तथा शिक्षित पार्ने र एकताबद्ध पार्ने दृष्टिबाट निकै महत्त्वपूर्ण रहे पनि त्यसले क्रान्तिकारी समाजिक रूपान्तरण हासिल गर्न नसक्ने भएकाले पछि वर्गसङ्घर्ष राजनीतिक तथा विचारधारात्मक क्षेत्रमा विस्तारित हुँदै जान्छ । वर्गहरूको उन्मूलनको अर्थ समग्र रूपमा समाजको अधीनस्थ रहेका साधनहरूका सम्बन्धमा सबै नागरिकहरूलाई समान

स्तरमा राख्नु भएकाले यो प्रक्रिया समाजवादी क्रान्तिबाट सुरु भएर साम्यवादी युगमा सम्पन्न हुने मान्यता वर्गसङ्घर्षको सिद्धान्तले राख्छ । त्यसैले वर्गसङ्घर्षलाई अल्पकालीन र क्षणिक कार्यक्रम नभएर दीर्घकालीन सामाजिक एवं राजनीतिक अभियानका रूपमा लिनु उचित हुने देखिन्छ । वास्तवमा समाजको आदर्श अवस्था साम्यवादमा पाइने सङ्केत मिल्छ ।

मार्क्सवाद समाजलाई हेर्ने मात्र नभएर फेर्ने दर्शन भएकाले यसले कुनै पनि कुराको सुधार मात्र होइन व्यापक एवम् आमूल परिवर्तनको माग गर्छ । एङ्गेल्सले मार्क्सवादी कथा वा उपन्यासमा कथानकीय विन्यासमार्फत् जीवन यथार्थका गहिराइलाई हृदय संवेद्य बनाएर प्रस्तुति गरिने धारणा राखेको पाइन्छ (उपाध्याय, २०७२) । मार्क्स, एङ्गेल्स, लेनिन र माओलगायतका राजनीतिक, सौन्दर्य चिन्तन तथा मार्क्सवादी साहित्य सर्जक र चिन्तकका समग्र चिन्तनका आधारमा मार्क्सवादी समालोचनाका आधार निर्माण भएका देखिन्छन् । मार्क्सवादी साहित्य समालोचनाका विभिन्न खालका आधारको चर्चा गरिएको भए पनि यस लेखमा वर्गसङ्घर्षको सिद्धान्तलाई आधार बनाएर 'तिम्रो र हाम्रो संसार' कविताको अन्तर्वस्तु र शीर्षकमा अन्तर्निहित वर्गीय चेतनाको विश्लेषण गरिएको छ ।

## सामग्रीको विश्लेषण

### "तिम्रो र हाम्रो संसार" कविताको अन्तर्वस्तुमा वर्गचेतना

तिम्रो र हाम्रो संसार कवितामा तिम्रो शब्दले कुलीन, सम्भ्रान्त, मालिक वर्गको र हाम्रो शब्दले विपन्न, शोषित, उत्पीडित मजदुर तथा विपन्न वर्गको भन्ने सङ्केत गरेको छ । कवि कृष्ण सेन "इच्छुक" ले प्रस्तुत तिम्रो र हाम्रो संसार कवितामा काल मार्क्सले निर्धारण गरेका पुँजीपति, माध्यम/वुर्जुवा वर्ग र निम्न वर्ग/ मजदुर किसानमध्ये यस कवितामा मूलतः दुईवटा वर्गको उपस्थिति रहेको छ । तिम्रो भनी सम्बोधन गरिएको पुँजीपति वा धनाढ्य वर्गका मानिस र हाम्रो भनी लक्षित गरिएका विपन्न मजदुर किसान वर्गका मानिसको जीवनमा व्यापक भिन्नता रहने मात्र होइन झण्डै उल्टो (द्विचर)सम्बन्ध हुने तर्क कविले प्रस्तुत

गरेका छन् । विपन्न मजदुर किसान वर्गको जीवन र सम्पन्न पुँजीपतिको जीवनलाई रात र दिनसँग यसरी तुलना गरिएको छ :

जसरी दिन र रातमा फरक छ

जसरी उज्यालो र अँध्यारोमा फरक छ

सुखले भरिएको तिम्रो समृद्धिको संसार

र दुःखले भरिएको हाम्रो गरिबीको संसार

धेरै धेरै फरक छ ।

(पहिलो पङ्क्तिगुच्छ)

यहाँ सम्पन्नको जीवनलाई समृद्धिको संसारका रूपमा लिइएको छ भने विपन्न वर्गको जीवनलाई दुःखको सागरका रूपमा चित्रण गरिएको छ । यही सुख र दुःख दिन र रात झै परस्पर फरक जीवनशैली सम्पन्न र विपन्नको रहेको देखाइएको छ ।

जैविक दृष्टिले गर्भाधान हुने, मानिसले जन्म लिनेसम्मका काममा वर्गीय, लैङ्गिक, सामाजिक, सांस्कृतिक आदि कुनै पनि पक्षबाट विभेद हुँदैन । सम्भ्रान्त र विभ्रान्त, कथित उच्चजात, निचजात, महिला, पुरुष सबैमा कुनै प्रकारको भिन्नता, भेदभाव नभई मानिसको जन्म हुन्छ । तर जन्मने क्रमदेखि नै मानिस क्रमशः भिन्नताको सिकार बन्न बाध्य हुन्छ । एउटा पुँजीपति वा सम्पन्न वर्गमा कुनै बालक जन्मनासाथ राम्रो लुगाकपडा र बिछ्यौना प्राप्त गर्दछ । तर विपन्न शोषित, पीडित परिवारमा जन्म लिने बालकले राम्रो र न्यानो कपडा पाउने कुनै सम्भावना रहन्न, जसलाई कवितामा यसरी व्यक्त गरिएको छ :

तिम्रो भागमा जन्मदै

मखमलको डसना पऱ्यो

हाम्रो भागमा फाटेका थाङ्ना

(दोस्रो पङ्क्ति गुच्छ)

बालक जन्मनासाथ उसको पारिवारिक आर्थिक अवस्थाको प्रभावमा पर्न थाल्छ । कविकै विचारमा हेर्दा सम्भ्रान्त वर्गका बालवालिका फूलको शैयामा जन्मन्छन् भने विपन्न वर्गका बालवालिका काँडामा जन्मन विवश छन् अर्थात् अभावै अभावमा विपन्न वर्गको जीवनको थालनी हुन्छ । प्राकृतिक परिवेशमा समान हुने तर मानवीय समुदायमा अवतरण गर्नासाथ फरक अनुभूति गर्न पुग्नु पर्ने अवस्थालाई कविले वर्गीय शोषण र विभेदकै उपजका रूपमा लिएका छन् । सम्पन्न पुँजीपति वर्गका बालक धर्तीमा आउन साथ असङ्ख्य धन सम्पती र उत्पादनको साधनका मालिक बन्न पुग्छन् तर त्यही प्रक्रियामा जन्मिएको मजदुर किसान वर्गको सन्तान रित्तोहात रहन्छ । यसरी कोही जन्मनासाथ अरवपति हुने र सोही प्रक्रियामा जन्मने अर्को कुनै व्यक्ति रित्तोहात बस्नु पर्ने विषम परिस्थिति वर्गीय सामाजिक चरित्रले नै सिर्जना गरेको भाव कावितामा प्रकट भएको छ ।

तिम्रो र हाम्रो संसार नछुटिएको कुनै ठाउँ, गाउँ, देश, महादेश छैन भन्ने भाव व्यक्त गर्दै कविले विश्वभरका पुँजीपति वर्ग र मजदुर किसान वर्गको विभाजित जीवनपद्धतिको कुरा उठाएका छन् । सम्भ्रान्त वर्ग र शोषित पीडित वर्गको जीवनको मूल्य, विचार र दर्शनमा नै भिन्नता रहेको हुँदा यी दुई वर्गका जीवनमा सधै विभेदको रेखा कोरिएको हुन्छ भन्दै कविताले नेपालजस्ता अल्पविकसितदेखि औद्योगिक क्रान्ति भएका ठुला ठुला मुलुकमा पनि मजदुर किसानको अवस्था उस्तै दयनीय रहेको विचार यसरी प्रकट गर्दछन् :

कुन त्यस्तो ठाउँ छ

कुन त्यस्तो गाउँ छ

कुन त्यस्तो देश छ

र कुन त्यस्तो महादेश

जहाँ तिम्रो र हाम्रो संसार छुट्टिएको छैन

.....................................

जीवन/दर्शन र विचार छुट्टिएको छैन :

(तेस्रो पङ्क्तिगुच्छ)

यस कवितांशले वर्गीय शोषणको देश, जात, क्षेत्र, धर्म, संस्कृति आदि केही नहुने, जुनसुकै ठाउँ र समाजमा शोषण र उत्पीडनका उस्तै रूप देखिने विचार प्रकट गरेको छ ।

कवितामा निम्न वर्ग वा मजदुर किसान र मालिक वा पुँजीपति वर्गको जीवन चर्चामा देखिने भिन्नता संसारभर एक नास रहेको चर्चा गर्दै गरिबी, शोषण र उत्पीडनले थिलथिलो भएका विपन्न वर्गले नै रोग, भोक, दैवी तथा प्राकृतिक प्रकोपहरूसँग पनि सामना गर्नुपर्छ । हैजा, झाडावान्ता, बाढी, पहिरो, आदिजस्ता विपत्तिको सिकार विपन्न मजदुर किसान नै हुन्छन् । किन भने उनीहरूको न सुरक्षित घरबास हुन्छ न त खानेपिउने स्रोत साधन नै हुन्छ । बासस्थान समेत बाढीपहिरो प्रकोप क्षोत्रमा गर्न बाध्य हुन्छन् । स्वस्थ आहार विहारको प्रबन्ध गर्ने पर्याप्त स्रोत नजुट्नाले पनि उनीहरूका जीवनमा यस्ता कठिनाइ धेरै देखा पर्दछन् । आर्थिक स्रोतकै अभावका कारणले उचित औषधि उपचारको प्रबन्ध नजुट्नाले उनीहरू जानाजान मृत्युका मुखमा पर्न बाध्य छन् तर सम्भ्रान्तहरूको जीवन यस्तो नारकीय र कारुणिक हुँदैन । उनीहरूको सुरक्षित बासस्थान तथा पौष्टिक आहारको व्यवस्था विर्वाद रूपमा जुटेको हुन्छ । राज्यका अधिकांश स्रोत साधन उनीहरूकै हातमा हुने भएकाले त्यसैको दोहन र मजदुर–किसानको श्रमशोषण गरेर सुविधाजनका जीवनयापन गर्न सक्छन् । त्यस कारण यी दुई वर्गका जीवनमा आकाश र जमिन जस्तो भिन्नता हुन्छ भन्ने भाव यस कविताले प्रकट गर्दछ । कविकै शब्दमा :

भोक र अकालको प्रकोप

हाम्रै भागमा छ

शोक र अभावको प्रकोप

वर्षा/बाढी/रोग र महामारीको प्रकोप

हाम्रै भागमा छ

(चौथो पङ्क्तिगच्छ)

रोग, भोक, शोक र प्रकोपमा ग्रसित भएर जीउनु पर्ने मजदुर–किसान जस्ता विपन्न जनसमुदाय अहोरात्र उत्पादनका क्षेत्रमा क्रियाशील हुन्छन् तर पनि उनीहरूको जीवनस्तर उक्सन सक्दैन । मार्क्सवादको अतिरिक्त मूल्यको सिद्धान्तले व्याख्या गरेझैं श्रम नगरी नाफा लिएर पुँजीपति वर्गले सुखद जीवन बिताउने गरेका तर उत्पादनका क्षेत्रमा निरन्तर घोटिइरहने मजदुर किसानवर्ग सधै कठिन र अभावग्रस्त जीवन बाँच्न बाध्य भएको विश्वयथार्थलाई कवितांशले उद्घाटित गरेको छ ।

तिमी र हामी को फरक दिशा, फरक धार, फरक समय सन्दर्भको चर्चा गरेर कवि कृष्ण सेनले शोषक र शोषित दुई वर्गका कुनै कुरा मिल्न नसक्ने, कुनै पनि हालतमा यी दुई वर्गबिच समन्वय र एकता हुन नसक्ने खरो वर्गचेतनाको अभिव्यक्ति यसरी दिएका छन् :

तिम्रो संसार जति जति उज्यालो हुन्छ

हाम्रो संसार त्यति त्यति अँध्यारो बन्छ

......................

ठीक विपरीत छौं हामी

तिम्रो र हाम्रो संसार कसरी एकजुट हुन्छ ?

(पाँचौ पङ्क्तिगुच्छ)

यहाँ तिम्रो संसार उज्यालो हुँदा हाम्रो संसार अँध्यारो हुन्छ भन्नुले शोषण र उत्पीडनको सङ्केत गरेको छ । मजदुरले काम गरेर जतिधेरै वस्तु र सेवा उत्पादन गर्छन् मालिकलाई त्यति नै बढी लाभ हुन्छ

। मालिकको समृद्धि मजदुरका हातमा छ तर सामाजिक न्याय र मुनाफाको सन्तुलित वितरण प्रणाली नभएकाले मार्क्सवादले भने झैँ अतिरिक्त मूल्यको सम्पूर्ण लाभ कुम्ल्याएर मालिकको जीवनमा उज्यालो थपिरहँदा उत्पादनमा निरन्तर क्रियाशील रहने मजदुर/किसानको जीवनमा उत्पादनमा भएको वृद्धिले कुनै सकारात्मक प्रभाव पार्न सकेको हुँदैन भन्ने भावाशाय कवितामा प्रकट भएको छ । यस्तो विषम अवस्थाका दुई वर्ग कहिल्यै एकजुट हुन नसक्ने भाव राख्दै कविले वर्ग चेतनाको विकासमा योगदान गरेका छन् ।

कविले मालिक र मजदुर वर्गलाई द्विचर विरोधका घटकका रूपम समेत चर्चा गरेका छन् । द्विचर विरोधको अघिल्लो पक्ष /शब्दमा मालिक र पछिल्लो शब्दमा मजदुर पर्ने आशय राख्दै सुन र फलाम, हिरा र पत्थर, राजा र रङ्क, सडक र गल्ली महल र छाप्रो आदिका रूपमा तुलना गरेका छन् । प्रत्येक शब्दयुग्यको अघिल्लो शब्द महिमाशाली र पछिल्लो हेय देखिनुले मालिक र मजदुर वर्गको सामजिक आर्थिक हैसियतलाई सङ्केत गर्दछ । मालिक वर्गले मजदुरका श्रम र पसिनाको लुटको स्वर्ग खडा गर्ने र मजदुर किसान वर्ग सधैँ श्रमकै नर्कमा डुबिरहनु पर्ने तर आफ्नो उत्पादनको प्रतिफल आफैँ प्राप्त गर्न नसक्ने विभेदपूर्ण, शोषणयुक्त समाजमा कहिल्यै पनि निम्न वर्गको सुदिन नआउने विचार कवितामा प्रकट भएको छ ।

हामी सबथोक फेर्न चाहन्छौ

हाम्रो दुःख/हाम्रो दुर्भाग्य/हाम्रो दुर्दिन

तिमी सबथोक जोगाउन चाहन्छौ

तिम्रो सुख/तिम्रो समृद्धि/हाम्रो दुर्दिन

(पाँचौ पङ्क्तिगुच्छ)

माथि प्रस्तुत कवितांशले स्पष्ट रूपमा वर्ग स्वार्थको कुरा उठाएको छ । श्रमिक वर्ग र श्रम शोषक वर्गको सोच चिन्तन परस्पर विरोधी वैचारिकताको छ । मजदुर/विपन्न वर्गले आफ्नो दुर्दिन, दुर्भाग्य सबै फेरेर जीवनलाई परिवर्तन गर्न चाहेको अभिव्यक्ति हामी का तर्फबाट आएको छ भने तिमी तर्फको सोचाइ कुनै कुरा नफेर्ने अर्थात् आफ्नो सुखसयल, लुटको संसार शोषण र समृद्धि मात्र हैन विपन्न वर्गको दुर्दिनलाई समेत यथावत राख्ने भावाशय प्रकट गरिएको छ । पुँजीपतिले मजदुर/किसानको श्रम शोषण गरी आफ्नो समृद्ध जीवन परिचालन गर्ने कुरा कहिल्यै फेर्न नचाहनु उसका ठाउँमा ठिक होला तर आफ्नो अधिकार लिन, समृद्धिको बाटो तय गर्न र आफूलाई पनि मालिक वर्ग जस्तै तुल्याउन परिवर्तनका लागि आन्दोलन र सङ्घर्ष गर्नका लागि कवितांशले मजदुर–किसानलाई प्रेरित गर्दछ । जीवन सञ्चालन गर्ने अवस्था र प्रक्रियामा मालिक र मजदुरबिच ठूलो भिन्नता भएकाले उनीहरूको स्वार्थ पनि फरक छ । त्यसैले यी दुई वर्गबिच मेलको कुनै सम्भावना नरहेकाले समानता र सहअस्तित्वका लागि द्वन्द्व वा सङ्घर्ष नै अनिवार्य पक्ष हो, यो कुनै न कुनै दिन अवश्य हुन्छ भनी क्रान्तिको अवश्यंभावितालाई सङ्केत गर्दछ । आफ्नो मुक्तिका लागि संसारका सबै मजदुरहरू एक भएर सङ्घर्ष गर्दै उत्पादनका साधन, शक्ति र सत्तामा समेत आफ्नो वर्चस्व कायम गर्नु पर्ने मार्क्सवादी दर्शनको वैचारिक पक्षलाई नै यस कवितांशले प्रेषित गर्दछ ।

**शीर्षकमा अन्तर्निहति वर्गचेतना**

विवेच्य कवितामा तिम्रो र हाम्रो संसार चार शब्दको शीर्षक राखिएको छ । तिम्रो भेदक/ विशेषण र संयोजक, हाम्रो भेदक विशेषण तथा संसार नाम शब्दको योगबाट शीर्षकको निर्माण भएको छ । तिमी द्वितीय पुरुषको एक वचन, मध्यम आदरार्थी सर्वनाम शब्दमा स्वामित्ववोधकको षष्ठी विभक्ति लागेर तिम्रो भेदक विशेषण शब्द बनेको छ । त्यसै गरी हामी प्रथम पुरुष बहुवचनको सर्वनाममा को षष्ठी विभक्ति जोडिएर हाम्रो भन्ने शब्दले विपन्न वर्गका मजदुर किसान वर्गलाई प्रतिनिधित्व गरेको छ । यस प्रकार शीर्षकले नै दुई वर्गको सङ्केत गर्दछ । उक्त दुई वर्ग बिचको विभेदलाई नै कविताको प्रमुख विषय

वस्तु बनाइएको छ । कविताको विषयवस्तुमा प्रथम पुरुषत्मक दृष्टि विन्दुको प्रयोग गरी कवि प्रौढोक्ति शैलीमा भाव अभिव्यक्त भएको छ । हामीभित्र कवि स्वंय पनि पर्ने भएकाले कविको पीडित पक्षप्रतिको पक्षधरता स्पष्ट देखिन्छ अर्थात् यो शोषण, उत्पीडन, दुर्दिन, अन्याय अत्याचार आदिको भोक्ता कवि पनि हुन् । तिमी (सम्भ्रान्त वर्ग) बाट हामी (मजदुर/किसान वर्ग) माथि आर्थिक शोषण हुने गरेको यथार्थ प्रस्तुत गर्नुका साथै दुई वर्गको द्वन्द्वात्मक अवस्थालाई सङ्केत गरेको छ । दुवै वर्गको संसार भन्नाले उनीहरूको फरक वा विपरीत जीवनपद्धतिलाई देखाइएको छ । यस प्रकार विवेच्य कविताको शीर्षकमा नै दुई वर्गको प्रतिनिधित्व गराई वर्ग द्वन्द्व अथवा वर्गीय विभेद सिर्जना गराउनुका साथै निम्न वर्गप्रतिको कवि पक्षधरता स्पष्ट देखाइएको छ ।

## निष्कर्ष

इच्छुक रचनावली भाग–२ मा सङ्कलित तिम्रो र हाम्रो संसार कविता सर्वप्रथम “बन्दी आवाज”सङ्ग्रहमा प्रकाशित भएको हो । मजदुर–किसानलाई शोषण उत्पीडनका विरुद्ध आन्दोलित हुन प्रेरित गरिएका कविताहरू मध्येकै एकमा विवेच्य तिम्रो र हाम्रो संसार कविता पनि पर्दछ । यस कवितामा तिमी भनेर शोषक/पुँजीपति वा शासकलाई सङ्केत गरिएको छ भने हामी भनी सम्पूर्ण शोषित पीडित मजदुर–किसान वर्गलाई चिनाइएको छ । सम्भ्रान्त र विपन्न वर्गबिचको जीवनमा व्यापक असमानता मात्र छैन कविका विचारमा संसार नै उल्टो छ । सम्पन्न बालक सखमलको डसनामा सुत्छ भने विपन्नका भागमा थोत्रो थाङ्ना मात्र पर्छ । संसारका सबै दुःख कष्ट, प्रकोप, नारकीय जीवन पद्धति हाम्रो अर्थात मजदुर–किसानको भागमा पर्छ भने सारा सुख वैभव तिम्रो वा सम्पन्नको भागमा पर्छ । अरुकै श्रम शोषण गरी मालिक मोटाउँछन् भने श्रम गरेर पनि अभावग्रस्त जीवन जिउन मजदुर/सर्वहारा वर्ग बाध्य हुन्छन् भन्ने आशय व्यक्त गर्दै गरिब मजदुर, किसान, सर्वहारा वर्गप्रति लेखकीय पक्षधरता कायम राख्दै समतामूलक समाज निर्माण गर्न, वर्गीय शोषण अन्त्य गर्न, सबै नागरिकबिच सहभावको विकास गराउन, हामीले

अरुको मुख ताकेर मात्र हुँदैन । आफ्ना हक र अधिकार प्राप्ति र सुनिश्चितका लागि वर्ग सचेत क्रान्तिमा होमिन सम्पूर्ण शोषित पीडित निम्न वर्गलाई उत्साहित गर्ने काम यस कविताले गरेको छ । वर्गीय विषमता अन्त्य गर्ने एक मात्र भरपर्दो साधन विद्रोह र सङ्घर्ष हो भन्ने मार्क्सवादी वर्गीय दृष्टिकोण यस कवितामा प्रस्तुत भएको पाइन्छ ।

## सन्दर्भग्रन्थको सूची

इच्छुक सांस्कृतिक प्रतिष्ठान. (२०६५). *इच्छु रचनावली भाग – २.* इच्छुक सांस्कृतिक प्रतिष्ठानका लागि प्रगतिशील अध्ययन केन्द्र ।

उपाध्याय, यदुनन्दन. (२०७२). *मार्क्सवादी दर्शनका प्रमुख स्थापना र साहित्य.* Retrieved October 29, 2024, from https://www.samakalinsahitya.com/sahitya/details/5399

केसी, हस्तबहादुर. (२०७५). *मार्क्सवादको प्रतिपादन, विकास र रक्षामा मार्क्सको योगदान.* Retrieved October 29, 2024, from https://leftreviewonline.com/main-news/63415.html

केसी, हस्तबहादुर. (२०७७). *मार्क्सवाद र मार्क्सवादी ज्ञानसिद्धान्त.* Retrieved October 29, 2024, from https://newskoseli.com/archives/49919

पाण्डेय, ताराकान्त. (२०६५). *इच्छुक रचनावली भाग– २.* इच्छुक सांस्कृतिक प्रतिष्ठानका लागि प्रगतिशील अध्ययन केन्द्र ।

भट्टराई, रमेशप्रसाद. (२०६६ वैशाख-जेठ-असार). *मार्क्सवाद र साहित्य सिद्धान्त.* भृकुटी प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद. (२०७२). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।